बलेफी गाउँपालिका
བལེཕི། གཱཨུཾཔཱལིཀཱ།
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८२/०८३
चलानी नं. :(सूचना नं ९८६)

## बाबुआमा विहिन बालबाबलिका संरक्षण कार्यक्रम सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२३)

सामाजिक विकास मन्त्रालय बागमती प्रदेशबाट आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बुवाआमा विहिन बालबालिका संरक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको हुँदा यस गाउँपालिकाभित्र स्थायी रुपमा बसोबास गर्नुहुने १८ वर्ष उमेर पुरा नगरेका निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र देहाय बमोजिको आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**सामाजिक सुरक्षा भत्ता प्राप्त बालबालिकाको योग्यताः**

१. बाबु आमा दुवै गुमाएका/बाबु आमा दुवैको मृत्यु भएको ।
२. १८ वर्ष उमेर पुरा नभएको ।
३. ५ वर्ष पुरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको।
४. कुनै गैरकानूनी तथा अपराधिक क्रियाकलापमा संलग्न नरहेको ।

**आवेदनको साथमा संलग्न गर्नुपर्ने कागजातहरुः**

१. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।(नेपाली नागरिकता बनेको खण्डमा सोको प्रतिलिपि)।
२. बाबु आमा दुवैको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष पूरा गरेको बालबालिकाको हकमा मात्र),
४. संरक्षकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,
५. सम्बन्धित बालबालिकाको संरक्षक हो भनी वडाले दिएको सिफारिस पत्र ।

.................
(होम बहादुर राउत)
प्रमुख प्रशासकीय अधिकृत